# धुलिखेल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## धुलिखेल, काभ्रे

# आय आर्जन ठेक्का बन्दोबस्त आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४।४।१२

यस नगरपालिका क्षेत्रभित्रका तपसिलका स्थानहरुमा धुलिखेल नगरपालिकाको आर्थिक ऐन २०७४ को अनुसूची १० र १३ बमोजिमको दररेटमा शुल्क उठाई नगरपालिकाको आयस्तरमा सुधार गर्न शुल्क उठाउनुपर्ने भएकोले उक्त कार्यमा शुल्क उठाए बापत नगरपालिकालाई वार्षिक रुपमा के कति रकम उपलब्ध गराउन सकिने हो सो समेत स्पष्ट रुपमा खुलाई ईच्छुक व्यक्ति, इजाजत प्राप्त (रजिष्टर्ड) मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएका फर्म, सप्लायर्स, उत्पादक गैर सरकारी संघ संस्थाबाट गर्न गराउनु पर्ने भएको हुँदा यस कार्यालयद्वारा तोकिएका समयमा सोको शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ। दरभाउपत्र फाराम यस कार्यालयको राजस्व तथा आर्थिक प्रशासन शाखाबाट रु. १०००। (अक्षरेपी रु. एक हजार) मात्र पछि फिर्ता नहुने गरी नगदै तिरी प्रोपाइटर वा निजले अख्तियार दिएको व्यक्तिद्वारा यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा खरिद गरी १६ औं दिन १२:०० बजे भित्र दर्ता गर्न सकिनेछ।

कार्यहरु :

क) चोक सुधार पार्किङ्ग क्षेत्रमा सशुल्क पार्किङ्ग उठाउने कार्य - वडा नं. ७

ख) अरनिको चोक पार्किङ्ग तथा शौचालय संचालन कार्य - वडा नं. ४

ग) खेलमैदान सार्वजनिक शौचालय तथा पार्किङ्ग शुल्क उठाउने कार्य - वडा नं. ७

घ) धुलिखेल चिल्ड्रेन पार्क संचालन कार्य - वडा नं. ७

तपसिल

१. माथि उल्लेखित कार्यहरुको छुट्टाछुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ। कुनै एउटा वा केही कार्यहरु गर्न इच्छुक दरभाउदाताहरुले सोही क्षेत्रको मात्र शिलबन्दी दरभाउ पत्र पेश गर्न सकिनेछ।

२. कबोल गरेको अंकको २.५% रकम राष्ट्रिय वाणिज्य बैंक धुलिखेल न.पा.को धरौटी खाता नं. १०४०३०३००७१०२ मा जम्मा गर्नुपर्नेछ।

३. दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु सप्लायर्स वा निजका प्रतिनिधिहरु समेतको रोहबरमा १६ औं दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ।

Scanned by CamScanner